आज मिति २०७७।०९।०८ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ११२ औं बैठक तपसिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल उपस्थिति :-

| क्र.स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खगेन्द्र राई | नगर प्रमुख | |
| २ | श्री रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | श्री ध्रुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रोहितमान तामाङ्ग | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री सन्तोष सुवेदी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री चरण कुमार राई | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री देवनारयण चौधरी | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री कमलध्वज राई | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री तेजराज तिम्सिना | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री गड्ड बहादुर बिश्वकर्मा | का.बा. वडा अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री राम कुमार खडका | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री देवी कुमारी कार्की | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री जानुका कमर | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री मदन कुमारी कार्की | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री विमला राई | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री अस्मिता सार्की | नगर कार्यपालिका सदस्य | |
| २० | श्री प्रमीला दनुवार | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री सुन्दर प्रकाश शाह | नगर कार्यपालिका सदस्य | |

Scanned with CamScanner

## प्रस्तावहरु

१. भूमि सम्बन्धि समस्या समाधानको कार्य संचालनको लागि नगर स्तरीय र वडा स्तरीय सहजीकरण समिति गठन सम्बन्धमा ।
२. भूमि समस्या सम्बन्धि कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
३. नगर र वडा स्तरीय योजनाहरु संचालन सम्बन्धमा ।
४. लघु उद्यम विकास कार्यक्रम स्वीकृत तथा संचालन सम्बन्धमा ।
५. करार नियुक्ति सम्बन्धमा ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्बन्धमा ।
७. विशेष नगर सभा सम्बन्धमा ।
८. कोभिड अस्पताल भवन निर्माणको रकम सम्बन्धमा ।
९. लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम सम्बन्धि नगर स्तरीय समिति गठन सम्बन्धमा ।
१०. विक्रम रोकाको उपचार खर्च सम्बन्धमा ।
११. शहरी स्वास्थ्य केन्द्र माडिवाङको एम्बुलेन्स खरिद सम्बन्धमा ।
१२. जनता मा.वि. हडियाको माग सम्बन्धमा ।
१३. अखिल नेपाल फुटबल संघको पत्र सम्बन्धमा ।
१४. औषधी उपचार आर्थिक सहयोग सम्बन्धमा ।
१५. आगलागी पिडितलाई राहत सम्बन्धमा साथै क्षतिको राहत बारे ।
१६. बालुवाको स्टक प्रमाणित सम्बन्धमा ।
१७. गोविन्द बहादुर बस्नेतको माग सम्बन्धमा ।
१८. आमसाल शहरी स्वास्थ्य केन्द्र भवन निर्माण सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा भूमि सम्बन्धि समस्या समाधानको लागि तपसिल अनुसारको नगर स्तरीय र वडा-स्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

नगरस्तरीय सहजीकरण समिति :-

१. श्री खगेन्द्र राई - नगर प्रमुख - संयोजक
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख - उपसंयोजक
३. नेकपा नगर प्रमुख तथा प्रतिनिधि - सदस्य
४. नेपाली काँग्रेस नगर प्रमुख तथा प्रतिनिधि - सदस्य
५. ज.स.पा. नगर प्रमुख तथा प्रतिनिधि - सदस्य
६. श्री अस्मिता नेपाली - न.शि.स. - सदस्य

Scanned with CamScanner

७. श्री प्रमिला दनुवार - ने.का.दि. - सदस्य
८. संयोजकले तोकेको २ जना सदस्य - सदस्य
९. श्री ध्रुवराज आचार्य - प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

## वडा स्तरीय सहजीकरण समिति :-

वडा स्तरीय सहजीकरण समिति गठनको सम्बन्धमा भूमिहीन दलित सुकुम्वासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम सम्बन्धित वडा अध्यक्षको अध्यक्षतामा तपसिलको क्षेत्रहरु समेटिने गरि मिति २०७७/०९/१२ गते भित्रमा सबै वडाले वडास्तरीय समिति गठन गरी नगर प्रमुखबाट मनोनयन हुने सदस्यको लागी न.पा.मा सिफारिस गरि पठाउने निर्णय गरियो।

तपसिल समिति

१. वडा अध्यक्ष - अध्यक्ष
२. वडा सदस्यहरु - सदस्य
३. नगर प्रमुखले तोकेका २ जना सदस्य - सदस्य
४. वडा सचिव - सदस्य सचिव

**नि.नं.२** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा. क्षेत्रमा करिब ८ हजार भन्दा बढी घरधुरीहरु भूमिहीन तथा सुकुम्वासी अव्यवस्थित बसोवासीहरु रहेको हुँदा भूमिहीन दलित सुकुम्बासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम तोकिएको मापदण्ड र संख्यामा कर्मचारी व्यवस्थापनको लागी न.पा.मा उपलब्ध हुन सक्ने कर्मचारीहरु समेतको विवरण तयार गरी बाँकी आवश्यक संख्यामा कर्मचारी करार सेवामा नियुक्ति गर्नको लागी आवश्यक छनौट प्रक्रियाको लागी सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**नि.नं.३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा.ले चालु आ.व. २०७७/७८ को लागी अनुमान गरेको राजस्व अनुमान गरेभन्दा कम संकलन हुने साथै प्रदेश तथा संघिय सरकारबाट प्राप्त हुने स्रोतहरु समेत तोकिए बमोजिम प्राप्त नहुने देखिएको हुँदा न.पा.ले चालु आ.व.को लागी स्वीकृत गरेको योजना तथा कार्यक्रमहरुबाट प्राथमिकताको आधारमा हाललाई वडा स्तरीय योजना (वडाको समन्वयमा) हरु प्रतिवडा ३० लाखका दरले र नगरस्तरीय योजनाहरु प्रति

वडा नं. २० ~~मा रहेको दरले~~ लागेको दरले कार्यान्वयन गर्ने र थप योजनाहरु समेत बजेटको उपलब्धताको आधारमा कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

नि.नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व.मा यस न.पा.मा संचालनहुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको लागि सशर्त अनुदान अन्तर्गत प्राप्त बजेट बाट तपसिल अनुसारको कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो साथै लघु उद्यम कार्यक्रम संचालनकालागि तपसिलका वडाहरु छनौट गरीएर उक्त वडाहरु उद्यमी र सम्भाव्यताको आधारमा निर्धारण गरियो ।

तपसिल

१. बंगुर पालन व्यवसाय - वडा नं.३,६ र ४
२. गाई भैंसी र तरकारी - वडा नं.४,५ र १०
३. वेल्डिङ्, ग्रिल, ग्यारेज, फर्निचर - आदि वडा नं. ५ र ७ [?]
४. बाख्रा पालन, मौरीपालन - वडा नं. १ र ८

| नेपाल सरकार | | | | चौदण्डीगढी नगरपालिका | | कैफियत |
|---|---|---|---|---|---|---|
| क्र.सं. | कृयाकलापहरु | बजेट प्रतिशत दायरा | % | कृयाकलापहरु | बजेट प्रतिशत दायरा | |
| क) | ८० जना नयाँ उद्यमी सिर्जना तर्फ | | | ६० जना नयाँ उद्यमी सिर्जना तर्फ | | |
| १. | उद्यम विकासका लागि सामाजिक परिचालन | ५८,८००/- | | ४५,०००/- | | |
| २. | उद्यमशिलता विकास तालिम (आफ्नो वयावसाय शुरु तथा सुधार गर्नुहोस) | १,५६,८००/- | | १,५०,०००/- | | |
| ३. | प्राविधिक सीप विकास तालिम | ७,०५,६००/- | | ६,६०,०००/- | | |
| ४. | प्रविधि हस्तान्तरण | ३,५२,८००/- | | ५,१०,०००/- | | |
| ५. | बित्तीय पहुँच | ५८,८००/- | | ४५,०००/- | | |
| ६. | बजारीकरणमा सहयोग | ७८,४००/- | | ६०,०००/- | | |
| ७. | उद्यम विकास सहजकर्ता परिचालन | ५,४८,८००/- | | - | | |
| क) | पारिश्रमिक २ जनाको | ३,८३६२८/- | ७ महिनाको | - | | |
| ख) | भ्रमण खर्च | ३५,०००/- | | - | | |
| ग) | संचार खर्च | ७,०००/- | | - | | |
| | इन्धन खर्च | १५,०००/- | | - | | |
| घ) | बिबिध खर्च( बैठक भत्ता,अनुगमन खर्च) | ८३,९७२/- | | ९०,०००/- | | |
| | जम्मा रू. | १९,६०,०००/- | | १५,००,०००/- | | |
| ख) | ४० जना लघु उद्यमीको स्तरोन्नति तर्फ | | | | | |
| १. | उद्यमीहरुको स्तरोन्नति पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम | ४,००,०००/- | | | | |
| २ | समुहमा प्रविधि हस्तान्तरण | १,४०,०००/- | | | | |
| ३ | साझा सुविधा केन्द्र (उद्यम घर)( (बजेटमा व्यवस्थाभएका स्थानीय तहमा ) मात्र | - | | | | |
| | जम्मा रु. | ५,४०,०००/- | | | | |
| | कुल जम्मा रु. | २५,००,०००/- | | | | |

Scanned with CamScanner

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.ले लघु उद्यम विकास कार्यक्रम संचालनको लागि उद्यम विकास सहयोगि र सहजकर्ता करार सेवामा नियुक्ति गर्ने सम्बन्धमा छनौट प्रक्रिया संचालन गरेको र उक्त छनौट प्रक्रियामा सहयोगी पदमा छनौट हुन सफल उम्मेदवार मन्जु ढकालले अन्य पालिकामा पाँचौ तहमा नामाङ्कित भएकोले यस न.पा.को उक्त चौथो पदमा कामकाज गर्न नआउने भनि लिखित निवेदन दिनुभएकोले सो पदमा वैकल्पिक १ मा रहेको उम्मेदवार ममता वि.क. लाई मिति २०७७/०५/०१ गते बाट लागू हुने गरी करार नियुक्ति गरीएको हुँदा ~~[illegible]~~ नीजलाई उक्त पदमा गरीएको करार सम्झौता र न.पा.को वडा नं. ६ मा रहेको उदयपुर कोभिड अस्पतालको एम्बुलेन्स संचालनको लागि छनौट प्रक्रिया पुरा भई नियुक्तिको लागि सिफारिस भएका उम्मेदवार हिरण कुमार बस्नेत लाई मिति २०७७/०५/०५ गते बाट लागू हुने गरी करार नियुक्ति दिइएको हुँदा उक्त दुवै जनाको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

नि.नं-६ प्रस्ताव नं-६ माथि छलफल गर्दा यस न.पा.को शिक्षा शाखाको च.नं. ६६ र ६८ मिति २०७७/०३/२७ गतेको सिफारिस अनुसार यस न.पा.को वडा नं. ३ हडियामा संचालित जनता मा.वि. हडियामा बाल विकास केन्द्र संचालनको लागि थप १ जना सहयोगी कार्यकर्ता नियुक्तिको लागि १ वटा कोटा प्रदान गर्ने निर्णय गरियो । साथै उक्त विद्यालयमा कक्षा ११ मा तपसिल अनुसारका नयाँ पाठ्यक्रमहरु थप गर्न अनुमति दिने निर्णय गरियो ।

तपसिल

१. ग्रामिण विकास - १०५
२. कम्प्युटर विज्ञान - २२१
३. गणित - ४०१
४. वित्त शास्त्र - ४०५
५. वाणिज्य गणित - ४१७

**नि.नं.७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा.को चालु आ.व.को छैटौं नगर सभा तपसिलको मिति, समय र स्थानमा संचालन गर्ने निर्णय गरियो ।

तपसिल

मिति : २०७७/०९/२६ गते
समय : दिनको ११:०० बजे
स्थान : नगर सिटिहल

**नि.नं.८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ मा निर्माण भएको उदयपुर कोभिड-१९ अस्पताल भवनको भुक्तानी तथा आइसोलेसन संचालन तर्फको खर्च रकम भुक्तानीको लागि न.पा.को चालु आ.व.को स्वीकृत कार्यक्रमहरु मध्ये मिल्दोजुल्दो उपयुक्त शीर्षकबाट भुक्तानी गरी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो । साथै हाललाई सम्पुरक कोष (राजश्व बाँडफाँड सँघ)

**नि.नं.९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा लैङ्गिक विभेदमा आधारित हिंसा रोकथामको लागि तपसिल अनुसारको कार्यक्रम व्यवस्थापन नगरस्तरीय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री खगेन्द्र राई - नगर प्रमुख - संयोजक
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख - सदस्य
३. श्री ध्रुवराज आचार्य - प्रे.प्र. अधिकृत - सदस्य
४. श्री नगर कार्यपालिका सदस्यहरु सबै - सदस्य
५. श्री ई.प्र.का. प्रमुख - सदस्य
६. श्री जिल्ला प्रहरी महिला सेल - सदस्य
७. श्री
८. श्री
९. श्री

**नि.नं.१०** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस न.पा.को कर्मचारी [illegible] रोकथा कोभिड व्यवस्थापन सम्बन्धी काममा गाईघाट पुगेर अफिस फर्किने क्रममा मोटर साइकल दुर्घटनामा परेको हुँदा निजको औषधी उपचार खर्च र मोटर साइकल मर्मत खर्च रकम रु ८८,९३३।- मिति कोभिड कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner

नि.नं.११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस न.पा.को वडा नं. २ मा संचालित शहरी स्वास्थ्य केन्द्रको च.नं. ७६ मिति २०७८।०८।०६ गतेको पत्र बमोजिम उक्त स्वास्थ्य चौकीको लागी एम्बुलेन्स ~~पर्मैर कार्म~~ खरिद कार्य अगाडी बढाएको हुँदा सो एम्बुलेन्सको भन्सार तथा मु.अ.कर छुटको लागी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस चौदण्डीगढी नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम अन्र्तगत रोजगार सेवा केन्द्रमा सुचिकृत विपन्न श्रमिक बेरोजगार व्यक्तिहरुलाई न्यूनत्तम रोजगारीमा संलग्न गराउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत चालु आ.व. ०७७/०७८ मा विनियोजन भई आएको सर्शत कूल बजेटलाई रोजगार व्यावस्थापन सुचना प्रणाली EMIS मा प्रविष्ट भएको बेरोजगारहरुको कूल संख्याले भाग गरी प्रत्येक वडाको बेरोजगार संख्या तथा विपन्न श्रमिकको संख्याले गुणन गरी प्राप्तहुने रकमको आधारमा सबै वडामा केही विपन्न श्रमिकलाई न्यूनत्तम १०० दिनको रोजगारी प्रत्याभुत गराउनका लागी वडा कार्यालय मार्फत सञ्चालन हुने विकास निर्माण तथा मर्मत सम्भारका श्रममूलक आयोजनाहरु वा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आ.व. २०७७/०७८ मा सञ्चालनहुने भनी वार्षिक कार्यक्रममा समावेश भएका आयोजनाहरु सञ्चालन गर्नकालागी सुचिकृत बेरोजगारको ज्यालामा मात्र खर्च गर्न पाउनेगरी तपशील बमोजिमको बजेट वडागतरुपमा विनियोजन गरिएको छ।

तपशील:-

| वडा नं. | आयोजनाको प्रकृती | ज्याला बजेट | १०० दिन प्राप्त गर्ने संख्या |
|---|---|---|---|
| १ | कामकालागी पारिश्रमिकमा आधारित आयोजना | ७,७५,५००।०० | १५ |
| २ | कामकालागी पारिश्रमिकमा आधारित आयोजना | ८,२७,२००।०० | १६ |
| ३ | कामकालागी पारिश्रमिकमा आधारित आयोजना | ५,६८,७००।०० | ११ |
| ४ | कामकालागी पारिश्रमिकमा आधारित आयोजना | ८,७८,९००।०० | १७ |
| ५ | कामकालागी पारिश्रमिकमा आधारित आयोजना | ७,२३,८००।०० | १४ |
| ६ | युवा रोजगारी कालागी रुपान्तरण आयोजना | ८,७८,९००।०० | १७ |
| ७ | युवा रोजगारी कालागी रुपान्तरण आयोजना | १२,९२,५००।०० | २५ |
| ८ | युवा रोजगारी कालागी रुपान्तरण आयोजना | ५,६८,७००।०० | ११ |
| ९ | युवा रोजगारी कालागी रुपान्तरण आयोजना | १०,३४,०००।०० | २० |
| १० | यवा रोजगारीका लागी रुपान्तरण आयोजना | १३,९५,९००।०० | २७ |
| | जम्मा | ८९,४४,१००।०० | १७३ |

नि.नं.१३ प्रस्ताव नं.१६ माथि छलफल गर्दा यस न.पा.को वडा नं.०६ आम्सालाम जापानी दुतावासको आर्थिक सहयोगमा निर्माण भैरहेको शहरी स्वास्थ्य केन्द्र भवनको निर्माणमा न.पा. बाट समेत २०% लगानी गर्ने सहमति भएको हुँदा उक्त भवनको निर्माण कार्यको लागी यस न.पा.को सम्पूरक कोषबाट रु.१२,००,०००।- र फर्निचर खरिदको लागी ~~[illegible]~~ आवश्यक बजेट न.पा.को स्वास्थ्य तर्फको बजेटबाट उपलब्ध गराउने निर्णय गरियो।

Scanned with CamScanner

नि.नं.१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा अखिल नेपाल फुटबल संघको च.नं. २१४ मिति २०७६/०८/२८ गतेको प्राप्त पत्र अनुसार यस न.पा.को महिला फुटबल टिम मिति २०७६/१०/६ गते देखी संचालन हुने "उप मेयर राष्ट्रिय महिला लीग" मा छनोट भएको र गत आ.व.मा समेत छनोट भई न.पा.को आर्थिक सहयोगमा सहभागी भएको हुँदा उक्त छनोटमा परेका महिला खेलाडी टिमलाई उक्त प्रतियोगितामा सहभागी हुनको लागी आवश्यक रकम (खर्च) को व्यवस्था न.पा.बाट मिलाउने निर्णय गरियो ।

नि.नं.१४ प्रस्ताव नं.१४ माथि छलफल गर्दा यस न.पा.का विभिन्न वडाहरुबाट औषधी उपचार आर्थिक सहयोगको लागी सिफारिस भई आएको हुँदा तपसिल बमोजिम औषधी उपचार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

| सि.नं. | बिरामी नामथर | ठेगाना | रोगको किसिम | आर्थिक सहयोग रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री देवी चौधरी | चौ.न.पा. ९ | मुटु रोग | ० | उपचार स्पष्ट नभएको |
| २ | श्री नैनसिंह खडका | चौ.न.पा. ४ | मुटु रोग २०७५ मा | ० | |
| ३ | श्री गुणराज खडका | चौ.न.पा. ४ | मुटु रोग खुल्ने कागज नभएको | ० | |
| ४ | श्री हार्दिक घिमिरे | चौ.न.पा. ५ | मुटु रोग | १०००० | |
| ५ | श्री मनकुमारी चौधरी | चौ.न.पा. ५ | कडा रक्त अल्पता | ५००० | |
| ६ | श्री गडुलमान मगर | चौ.न.पा. ४ | क्यान्सर | ५०००० | |
| ७ | श्री कमला कुमारी बस्नेत | चौ.न.पा. ६ | पेटको पिलो | ५००० | |
| ८ | श्री सबिना बस्नेत | चौ.न.पा. ६ | स्तनमा मासु पलाएको | ५००० | |
| ९ | श्री सुब्बा बिश्वकर्मा | चौ.न.पा. २ | बिभिन्न स्वास्थ्य समस्या | १०००० | |
| १० | श्री प्रेमकुमारी तामांग | चौ.न.पा. ३ | क्यान्सर | ५०००० | |
| ११ | श्री धनमाया बिष्ट | चौ.न.पा. ४ | क्यान्सर | ५०००० | |
| १२ | श्री सकिना खातुन | चौ.न.पा. ५ | क्यान्सर | ५०००० | |
| १३ | श्री ललिमाया राई | चौ.न.पा. ३ | मुटु रोग | १०००० | |
| १४ | श्री दुखि चौधरी | चौ.न.पा. १० | क्यान्सर | ५०००० | |
| १५ | श्री फुलसुन खातुन | चौ.न.पा. ५ | मुटु रोग | १०००० | |
| १६ | श्री नान्सि रलान | चौ.न.पा. ३ | मृगौलामा ट्युमर | ५००० | |
| १७ | श्री उपेन्द्रकुमार खत्री | चौ.न.पा. ९ | हेड इनजुरी | ५०००० | नाम फरक रहेको |
| १८ | श्री श्यामलाल चौधरी | चौ.न.पा. ९ | दम रोग | २००० | |
| १९ | श्री बौकाइ चौधरी | चौ.न.पा. १० | दम रोग | २००० | |
| २० | श्री भोली सदा | चौ.न.पा. १० | पेट दुखाइ | २००० | |
| २१ | श्री नरबहादुर राउत | चौ.न.पा. १० | मुटु रोग | १०००० | |
| २२ | श्री आभाष राउत | चौ.न.पा. १० | जिब्रोको समस्या | २००० | |
| २३ | श्री डिकबहादुर मगर | चौ.न.पा. ९ | एपेन्डिक्स फुटेको | १०००० | |
| २४ | श्री मदन थापा | चौ.न.पा. ६ | ग्यास्टिक रोग | २००० | |
| २५ | श्री ललिता सदा | चौ.न.पा. ९ | चोटपटकको उपचार | २००० | |
| २६ | श्री गिताकुमारी खतिवडा | चौ.न.पा. १० | दम रोग | २००० | |
| २७ | श्री बलनारायण श्रेष्ठ | चौ.न.पा. ७ | पत्थरी र पिसाबको संक्रमण | ५००० | |
| २८ | श्री सुकमाया राई | चौ.न.पा. २ | दम रोग | २००० | |
| २९ | श्री धनराज परियार | चौ.न.पा. २ | फरक क्षमता | ३५०० | सहायक सामाग्री |

Scanned with CamScanner

__नि.नं.१५__ प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडामा आगलागी तथा अन्य विपदमा परि राहतको लागि वडाबाट सिफारिस भई आएको हुँदा तपसिल अनुसारको राहत न.पा.को राहत कार्यविधि बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

__तपसिल__

१. हरि बहादुर बस्नेत - चौ.न.पा.-५ (आगलागीबाट घर पूर्ण क्षति) रु.३००,०००।-
२. चन्द्रलाल गिरी - चौ.न.पा.-५ (आगलागीबाट विपुलरूपमा क्षति) रु.२०,०००।- ✓
३. राधे प्रसाद चौधरी - चौ.न.पा.-५ (हात्तिको क्षति) रु.५०००।- ✓
~~४. [illegible] खत्री - चौ.न.पा.-५ (हात्तिको क्षति) रु.५०००।-~~
५. पवन चौधरी - चौ.न.पा.-५ (हात्तिको क्षति) रु.५०००।- ✓
६. मिश्रीलाल चौधरी - चौ.न.पा.-५ (हात्तिको क्षति) रु.५०००।- ✓
७. कालि मया श्रेष्ठ - चौ.न.पा.१० (हात्तिको क्षति) रु.५०००।- ✓
८. कुमार विश्वकर्मा - चौ.न.पा.-५ (हात्तिको क्षति) रु.५०००।- ✓
९. ललिता कुमारी चौधरी - चौ.न.पा.-५ (हात्तिको क्षति) रु.५०००।- ✓
१०. तुलावती चौधरी - चौ.न.पा.-५ (हात्तिको क्षति) रु.५०००।- ✓
११. चैमार सिंह वि.क./इन्द्रमाया विश्वकर्मा-चौ.न.पा.-५ (आगलागीबाट क्षति) रु.२५,०००।- ✓

__नि.नं.१६__ प्रस्ताव नं.१६ माथि छलफल गर्दा यस न.पा.को ५ नं. वडा कार्यालयको च.नं. ४४० मिति २०७७/९/६ को सिफारिस तथा प्राविधिक प्रतिवेदन अनुसार उक्त ५ नं. वडा बस्ने सन्तोष बस्नेतले उत्खनन् सङ्कलन गरेको ५१४ घ.मि. बालुवाको राजश्व लिई घाटगद्दी प्रमाणित गरी बिक्री बिक्रीको अनुमति दिने निर्णय गरियो ।

__नि.नं.१७__ प्रस्ताव नं.१७ माथि छलफल गर्दा यस न.पा.को वडा नं.५ बस्ने गोविन्द बस्नेतको माग निवेदन अनुसार यस न.पा. बाट IEE भएको स्थानबाट बालुवा घाटगद्दी गरी बिक्री वितरण गर्न पाउँ भनि निवेदन दिनु भएकोले निजले उत्खनन गर्ने परिमाणको न.पा.ले तोकेको राजश्व लिई उत्खनन सङ्कलन गर्नको ~~[illegible]~~ लागि अनुमति दिने निर्णय गरियो ।